मिति: २०८२/०९/०३ ने.सं. ११४६ थिंलागा १४ विहिबार बैठक संख्या - ६

आज मिति २०८२/०९/०३ गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को छैटौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी..........

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन..........

मिति: २०८२/०९/०३ ने.सं. ११४६ थिंलागा १४ विहिबार बैठक संख्या - ६

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. मलेप प्रतिवेदन अनुरुपको रकम श्रोत भर्ना सम्बन्धमा।
४. स्थानीय पत्रिका सुचना छपाई तथा एफएम रेडियो/सुचना सन्देश प्रशारण कार्यक्रमको अवण्डा बजेट विनियोजन सम्बन्धमा।
५. WASH योजना अनुमोदन, फोकल पर्सन छनौटको अनुमोदन सम्बन्धमा।
६. आव २०८२।०८३ को योजना तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक कार्यविधि निर्माण सम्बन्धमा।
७. असक्त, विपद तथा अन्य आर्थिक सहायता सम्बन्धमा।
८. विविध

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/०९/०३ ने.सं. ११४६ थिंलागा १४ विहिबार बैठक संख्या - ६

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | १८० | २०८२-०८-१५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमको लागि प्रस्ताव माग गरिएको सम्बन्धमा। | बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउने। |
| २. | सा.स. च.नं ६० | २०८२-०८-२५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | राष्ट्रिय जेष्ठ नागरिक दिवश(पाँचौ) मनाउने सम्बन्धमा। | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको समन्वयमा वडा मार्फत मनाउने। |
| ३. | ६४ | २०८२-०८-२८ | श्री महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौ। | निर्णय कार्यान्वयन सम्बन्धमा। | महालेखा नियन्त्रक कार्यालयको पत्र बमोजिम अन्तर-सरकारी वित्त परिषदको मिति २०८२।०८।१८ मा बसेको बैठकको निर्णय कार्यान्वयन गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि पाचौं बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

लेखा परिक्षण ऐन, २०७५ अनुसार यस हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को महालेखा परिक्षकको कार्यालय कोशी प्रदेश लेखापरिक्षण निर्देशनालय काठमाण्डौद्धारा वित्तिय विवरण तथा कारोबारको परिक्षण गरी जारी

गरेको प्रारम्भिक प्रतिवेदन श्रोत भर्ना गर्नु पनि लेखिएको बेरुजुमा विविध खर्च खाताबाट श्रोत भर्ना गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) मा उल्लेखित समय अवधिभित्र प्रतिक्रिया सहित समपरिक्षण गर्नको लागि आर्थिक प्रशासन शाखा प्रमुख तथा प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ४**

चालू आ.व. २०८२/०८३ मा स्थानीय पत्रपत्रिका सूचना छपाई तथा एफ.एम. रेडियो/सूचना सन्देश प्रशारण कार्यक्रम शीर्षकमा विनियोजित रकम रु.५,००,०००।- अवण्डा रकमलाई देहायअनुसार विनियोजन गरी तत् तत् रेडियो एफ.एम.हरुसँग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(क) रेडियो मितेरी एफ एम - रु. ७०,०००।-

(ख) रेडियो दिव्यवाणी एफ एम –रु. ४५,०००।-

(ग) रेडियो सुम्हात्लुङ एफ एम – रु. ४५,०००।-

(घ) रेडियो ईगल एफ एम – रु. ४५,०००।-

(ङ) रेडियो बि एस सी एफ एम - रु. ४५,०००।-

(च) रेडियो तमोर एफ एम - रु. ५०,०००।-

(छ) रेडियो काबेली एफ एम - रु. ५०,०००।-

(ज) रेडियो आठराई एफ एम – रु. ५०,०००।-

(झ) फिदिम मिडिया सेन्टर -रु. ५०,०००।- (रेडियो कार्यक्रम उत्पादन)

(ञ) अन्य स्थानीय मिडिया तथा विज्ञापन एजेन्सी - रु. ५०,०००।-

**निर्णय नं. - ५**

खानेपानी, सरसफाई तथा स्वच्छताका गुणस्तरीय तथ्याङ्कहरु संकलन गर्ने, संकलित तथ्याङ्कहरुको पुनरावलोकन, सम्पादन तथा प्रमाणीकरण गर्ने, प्रामाणिक तथ्यांक तथा योजना तर्जुमा प्रक्रिया अनुसार पालिकास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) योजना तयार पार्ने, तथ्यांकमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई पालिका तथा प्रदेशको बार्षिक योजनामा समाबेश गरि कार्यान्वयन गर्ने, पालिकाको नेतृत्व र प्रदेश सरकारको समन्वय तथा प्राबिधिक सहयोगमा खानेपानी, सरसफाइ र स्वच्छता (WASH) तथ्यांकहरु NWASH-MIS निर्देशिका बमोजिम अध्यावधि गर्न नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन बिभागले तयार पारेको NWASH-MIS निर्देशिकाअनुसार पालिकाको नेतृत्व र प्रदेश सरकारको प्राबिधिक सहयोग तथा समन्वयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कोशी प्रदेश, खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयसँग पालिकाको मिति २०८२।०८।०३ गते भएको द्धिपक्षीय सम्झौता अनुमोदन गर्दै उक्त सम्झौता बमोजिम जलवायु उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छता योजना (CR-WASH Plan) अनुमोदन गर्ने तथा उक्त कार्यक्रमको लागि फोकल पर्सन रुपमा असिष्टेन्ट सब इन्जिनियर श्री दिपेन्द्र खतिवडालाई छनौट गरिएकोमा उक्त निर्णय समेतलाई अनुमोदन गर्ने ।

मिति: २०८२/०९/०३ ने.सं. ११४६ थिंलागा १४ विहिबार बैठक संख्या - ६

**निर्णय नं. - ६**

आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम, बार्षिक बजेट तथा कार्यक्रमको विविध शिर्षकहरु मध्ये "प्रत्येक नागरिकको दु:खमा पालिका" भन्ने नाराका साथ प्रत्येक मृतक परिवार काजक्रिया खर्चको व्यवस्थापन गरिनेछ, हिलिहाङ गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका अभिभावकहरुले यसै गाउँपालिका भित्रको सामुदायिक विध्यालयबाट SEE उतिर्ण भई स्नातक तहमा डाक्टर, वकिल, IT क्षेत्रमा अध्ययन गराएमा उक्त विध्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृतिको व्यवस्था मिलाइनेछ, हिलिहाङ गाउँपालिका भित्र बसोबास गर्ने ७० वर्ष माथिका सबै ज्येष्ठ नागरिकहरूलाई घर देखि प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारसम्म नि:शुल्क आकस्मिक एम्बुलेन्स सेवाको प्रबन्ध मिलाइनेछ तथा कर्मचारीहरुको मनोबल तथा कार्यसम्पादनमा बढोत्तरी गर्न कर्मचारी प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ भन्ने नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न तत्काल कार्यविधिहरुको आवश्यकता परेको हुनाले कानून मस्यौदा समितिबाट तत्काल कार्यविधिहरु निर्माणको आवश्यक प्रक्रिया थाल्न उक्त समितिलाई निर्देशन दिने ।

**निर्णय नं. - ७**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई कार्यविधि अनुसार सम्बन्धित व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ८**

**विविध**:

ताप्लेजुङ जिल्लास्थित आठराई त्रिवेणी गाउँपालिका तथा मेरिङदेन गाउँपालिकाको संगमस्थलमा रहेको पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन गर्ने उद्धेश्यले पुसेमेला सञ्चालन समिति तथा दोभान स्पोर्टिङ क्लबको आयोजनामा पुस १ देखि पुस ५ गते सम्म सञ्चालन हुने मेलामा आर्थिक सहयोग वापत अन्य आर्थिक सहायता शिर्षकबाट रु. ३०,०००(अक्षरेपी तीस हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

२०८२/०९/०३

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत